# सोरु गाँउपालिका

## स्थानिय राजपत्र

खण्डः संख्याः मितिः

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

## "उपाध्यक्ष सँग स्वरोजगार तथा उधम प्रवर्धन कार्यक्रम कार्यविधि ,२०८२"

**प्रस्तावनाः**

कृषि, पशुपन्छिजन्य तथा लघुउधम क्षेत्रको व्यवसाय प्रबर्धन गरि उत्पादन एवं रोजगारी अभिवृदि गर्न, बिदेशबाट फर्किएका युवाहरुको बिदेशमा आर्जन गरेको सिप र व्यावसायिक दक्षता उपयोग गर्दै उनिहरुलाई स्वरोजगार बनाउन, महिला उधमशिलता बिकास गर्न, आर्थिक रुपमा बिपन्न , सिमान्तकृत समुदाय तथा लक्षित बर्गका समुदायलाई उधमि तथा व्यावसायि बनाउन, आत्मनिर्भर अर्थतन्त्रको बिकास गरि रैथाने बाली , पर्यटन र पूर्वाधार सुशासन र समृद्ध सोरुबासीको आधारको दिर्घकालीन सोचलाइ पुरा गर्न सोरु गाउँपालिका भित्र स्थायी बसोबास गरि उद्यम व्यावसाय गर्ने व्यक्ति समुह तथा सहकारीलाई सिप मुलक तालिम तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने गरि स्वरोजगार तथा उद्यम प्रबर्धन कार्यक्रम स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ' थ ' कार्यन्वयन गर्नको लागी यो कार्यबिधि बनाई लागु गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यबिधिको नाम " उपाध्यक्ष सँग स्वरोजगार तथा उद्यम प्रबर्धन कार्यक्रम कार्यबिधि, २०८२ " रहेको छ ।

(२) यो कार्यबिधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपछी लागु हुनेछ ।

**२ परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः**

(१) " उपाध्यक्ष सँग स्वरोजगार तथा उद्यम प्रबर्धन कार्यक्रम कार्यबिधि ,२०८२" भन्नालेः स्वरोजगारीको लागी सोरु गाउँपालिकाबाट सञ्चालन हुने उद्यम कार्यक्रम कार्यविधि सम्झनु पर्दछ ।

(२) स्थानिय तह भन्नाले सोरु गाउँपालिकालाई सम्झनु पर्दछ ।

(३) "स्वरोजगार तथा उद्यम बिकास घुम्ति कोष " भन्नालेः सोरु गाउँपालिका भित्रका नागरिकहरुलाई स्वरोजगार बनाउन उद्यम प्रवर्धन कार्यक्रमका लागी सोरु गाउँपालिकादारा संचालित कोष सम्झनु पर्दछ ।

(४) बिषेश प्राथमिकताको समुह वा व्यक्ति भन्नालेः जोखिममा परेका, अपांगता भएका, सिमान्तकृत , एकल महिला , महिलाद्धारा मात्रको गठित समुह र सहकारीलाई सम्झनु पर्दछ ।

(५) उद्यमि भन्नालेः उद्यम सञ्चालन गर्न चाहने व्यक्ति तथा समुह सम्झनु पर्दछ ।

CamScanner

(६) उद्यमि समुह भन्नाले: सोरु गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने १८ बर्ष देखि ५५ बर्ष सम्मका नागरिकहरु दारा गठित उद्यम सञ्चालन गर्ने समुहलाई सम्झनु पर्दछ ।

(७) साझेदार संस्था भन्नाले: स्वरोजगारिका लागी उद्यम प्रबर्धन कार्यक्रमका लागी प्राबिधिक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

(८) संचालक समिति परिच्छेद ३ को ५ बमोजिम गठित समितिलाइ सम्झनु पर्दछ।

(९) वितिय संस्था भन्नाले आर्थिक कारोबार गर्ने संस्था व्यवसाय फर्म वा समुहलाइ सम्झनु पर्दछ ।

## परिच्छेद – २

## उद्देश्य

**३ . स्वरोजगार तथा उद्यम प्रबर्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(१) उद्यमशिलता मार्फत रोजगारी सिर्जना गर्ने ।

(२) गाउँबासीमा श्रमप्रति सकारात्मक सोचको बिकास गर्ने ।

(३) बिदेशबाट फर्किएका युवाहरुको बिदेशमा आर्जन गरेको ज्ञान ,सिप, क्षमतालाई सदुपयोग गर्ने ।

(४) उद्यमशिलता मार्फत बेरोजगारीको अन्त्य गरी सम्बृद गाउँपालिका निर्माण गर्ने ।

(५) सिपमुलक तालिम तथा गोष्ठि संचालन गर्ने।

**४. उद्यमका क्षेत्रः (१) व्यावसायिक रुपमा उद्यम गर्न सकिने क्षेत्रहरु देहाय बमोजिम हुने छन ।**

(क) कर्षि,पशुपंक्षिपालन तथा उत्पादनमा आधारित उद्यम व्यावसाय,

(ख) बन ( जडिबुटि , बन पैदावर ) मा आधारित उद्यम व्यावसाय,

(ग) बिज्ञान तथा सूचना प्रबिधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रबर्धन (होटल, होमस्टे) मा आधारित उद्यम व्यवसाय,

(ङ) सिपमा आधारित उद्यम व्यवसाय ताथा सिपमुलक तालिम,

(च) लघु उद्योग व्यवसाय

**५. उद्यमि तथा उद्यमि समुह छनौटका न्यूनतम आधारहरुः** (१) दफा ४ मा उल्लेखित उद्यमका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न ईच्छुक उद्यमिलाई उद्यम सञ्चालन गर्नका लागी देहाय आधारमा छनौट गर्नु पर्ने छ ।

(क) व्यवसाय दर्ता गरि नियमअनुसार नबिकरण भएको,

(ख) तोके बमोजिमको ढाँचामा निबेदन र व्यवसायिक कार्ययोजना संलग्न रहेको,

(ग) स्व घोषणा पत्र भएको,

(२) उद्यमि वा उद्यमि समुहले प्रस्ताव गरेको व्यवसायिक प्रस्तावना मूल्यांकनका आधारहरु:

| क स | मूल्याङनका आधारहरु | अंक ( बढिमा ) |
|---|---|---|
| १ | प्रस्ताबित उद्यमको व्यवसायिक कार्ययोजना | ३० |
| २ | स्थानिय स्रोतमा आधारित | १५ |
| ३ | महिलामात्र सहभागिता | २५ |
| ४ | थप रोजगारी श्रृजना गर्ने | १५ |
| ५ | तालिम अर्थात सिपयुक्त जनशक्ति | १० |
| ६ | बजारको सुनिश्चिता | ५ |

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CamScanner

## परिच्छेद – ३
## संचालक समिति,उद्यमि, उद्यमि समुह छनौट र सम्झौता

६. गाउँपालिकाले स्वरोजगार तथा उद्यम प्रबर्धन कार्यक्रम सञ्चालन गर्दा गाउँपालिका भित्रका उद्यमि तथा उद्यमि समुहलाई सहभागी गराउनु पर्ने छ ।

**(१) उद्यमि तथा उद्यमि समुह छनौटः** गाउँपालिकाले स्वरोजगार तथा उद्यम प्रबर्धन गर्दा गाउँपालिका भित्रका उद्यमिलाई सहभागी गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकासित भएपछि १८ देखि ५५ बर्ष उमेर समुह भित्रका उद्यमि (व्यक्ति वा समुह) ले उद्यम सञ्चालन गर्न चाहेमा वडाको सिफारिस सहित सूचनामा तोकिएको मितिमा गाउँपालिकाको कार्यालयमा तोकिएको निवेदन र कार्ययोजनाको ढाँचा सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

**( ३) उद्यमि तथा उद्यम समुह प्रारम्भिक मुल्याङकन समितिः** उद्यमि (व्यक्ति वा समुह ) बाट प्रप्त भएका निवेदन वा कार्ययोजना प्रारम्भिक मुल्याङकन गर्न निम्न अनुसारको मुल्याङकन समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत वा अधिकृतले तोकेको व्यक्ति | - संयोजक |
| रोजागार शाखा प्रमुख वा प्रतिनिधि | – सदस्य |
| उद्यम शाखा प्रमुख | - सदस्य |

**(४) उद्यमि तथा उद्यम समुह छनौट समितिः** प्रारम्भिक मूल्याङकन समितिले उद्यमि (व्यक्ति वा समुह ) बाट प्राप्त भएका निवेदन वा कार्ययोजना मुल्याङकन पश्चात छनौट गर्न निम्न अनुसारको छनौट समिति रहनेछ ।

| | |
|---|---|
| उपाध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | – सदस्य |
| आर्थिक बिकास समिति संयोजक | – सदस्य |
| गाँउकार्यपालिकाले सिफारिस गरेको दलित सदस्य | – सदस्य |
| गाँउकार्यपालिकाले सिफारिस गरेको महिला सदस्य | - सदस्य |
| शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| महिला तथा बालबिकास शाखा प्रमुख | – सदस्य सचिव |

**( ५) संचालक समितिः** स्वरोजगारिका लागी उद्यम प्रबर्धन कार्यक्रमको स्वरोजगार तथा उद्यम विकास घुम्ति कोष कार्यन्वयनका लागी संचालन गर्न निम्न अनुसारको संचालक समिति रहनेछ।

| | |
|---|---|
| गाँउकार्यपालिकाले मनोनित गरेको कार्यपालिकाको सदस्य | – संयोजक |
| गाउँकार्यपालिकाले मनोनित गरेको कार्यपालिकाको महिला सदस्य | – सचिव |
| महिला तथा वालविकास शाखा प्रमुख | – सदस्य सचिव |

(६) उद्यमि छनौट समितिको बैठक सम्बन्धि कार्यबिधि सो समिति आफैले निर्धारण गरे बमोजिम गरिने छ ।

**७. सम्झौताः**

(१) गाउँपालिकाको छनौट समितिबाट छनौट गरि गाँउपालिकामा सिफारिस गर्ने छ।साथै उद्यमि वा उद्यमि समुह र गाँउपालिका बिच द्विपक्षिय सम्झौता गरिने छ ।

(२) सम्झौता गर्दा उद्यमिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कर्जा रकम हिनामिना भएमा जिम्मेवारि वहन गर्ने कवुलियतनामा पत्र संलग्न हुनु पर्ने छ ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CS CamScanner

(३) सम्झौताको प्रथम पक्ष गाउँपालिका र दोस्रो पक्ष उद्यमि वा उद्यमि समुह बिच दिपक्षिय सम्झौता गरिने छ ।

(४) गाउँपालिकादारा छनौट गरि सिफारिस गरिएका उद्यमि वा उद्यमि समुह र गाँउपालिका बिच भएको सम्झौताको उल्लेखित शर्तहरुको अधिनमा रहि गर्नु पर्ने छ ।

(५) सम्झौताको दुइ प्रति हुनेछ । एक प्रति गाउँपालिकाको कार्यालय, एक प्रति स्वयं उद्यमि वा उद्यमि समुह र एक प्रति गाँउपालिकासँग हुने छ ।

(६) कर्जाको लागी उद्यमि तथा व्यवसायि तयार गर्न आवश्यक तालिम तथा परार्मश कार्य गाउँपालिकाले सञ्चालन गर्नेछ । आवश्यकता अनुसार तेस्रो तटष्त पक्षको सहयोग लिन सक्ने छ ।

(७) सहुलियतपूर्ण कर्जाका लागी परियोजना बिमा छनौट भएका उद्यमि वा उद्यम समुह सहकारीले आफै गर्नु पर्नेछ ।

(८) सहुलियतपूर्ण कर्जा कार्यक्रम संचालन गर्नको लागी गाउँपालिकाले सहुलियतपूर्ण कर्जा कार्यक्रम संचालन गर्ने रा वा बैकमा स्वरोजगार उद्यम प्रर्वधन घुम्ति कोष मुद्दति खाता खोलिने छ । उक्त खाता संचालन गर्न संचालक समिति संयोजक र सदस्य सचिवको सयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

## परिच्छेद -४
## कोष तथा लेखा परिक्षण

### ८. बजेट

(१) उद्यम तथा व्यवसाय संचालन सम्बन्धि व्यवसायिक कार्ययोजना प्रस्ताव गाउँपालिकाको कार्यलयबाट स्वीकृत भएपछि सम्बन्धित वडा कार्यालयको सिफारिसमा उद्यमि वा उद्यमि समुहको अध्यक्ष र एक जना सदस्यको संयुक्त खाता वा व्यक्तिकोहकमा व्यक्तिगत खाताबाट रा वैक शाखा कार्यलय सोरुकोटमा भएको बैंकमा खाता खोलिने छ ।

(२) गाउँपालिकाको कार्यालयले व्यवसायिक कार्ययोजना अनुसार उद्यमि व्यक्तिका लागि रु १००००० एक लाख देखि ३००००० तिन लाख सम्म र उद्यमि समुहको लागी रु ३००००० तिन लाख देखि ७००००० सात लाख सम्म उद्यम सञ्चालनको लागी कार्ययोजनामा उल्लेख गरेको आवश्यक पर्ने प्रबिधि व्यवस्थापनको लागी सहुलियत पूर्ण कर्जा उपलव्ध गराउने छ ।

(३) उद्यमि वा उद्यमि समुहले कर्जा फिर्ता गर्दा अनुसूचि-२ को १७ बमोजिम हनेछ ।

(४) उद्यमि वा उद्यमि समुहले प्राप्त कर्जा व्यवसायको व्यवसायिक कार्ययोजना अनुरुप पाँच बर्ष भित्र गाउँपालिकाको स्वरोजगार उद्यम प्रबर्धन घुम्ति कोषको खातामा कर्जा फिर्ता गरिसक्नु पर्ने छ । कर्जा ऋण भुक्तानि कहिले गर्ने भन्ने व्यहोरा कर्जा सम्झौतामा उल्लेख भए बमोजमि हुने छ ।

(५) दफा ८ को उपदफा (१), (२), (३) र (४) मा जे कुरा लेखिएता पनि एकै प्रकृतिको व्यवसायलाई सघिय सरकार, प्रदेश सरकार, गाउँपालिका वा अन्य निकायबाट अनुदान प्राप्त गरि सकेको व्यक्ति वा समुहको व्यवसायिलाई सोहि आर्थिक बर्षको कार्यक्रममा समाबेश गरिने छैन ।

### ९. स्वरोजगार तथा उद्यम प्रबर्धन घुम्ति कोषः

(१) स्वरोजगार तथा उद्यम प्रबर्धन घुम्ति कोषका लागी गाउँपालिकामा एक छुट्टै बैंक खाता रहने छ । यस कोषमा गाउँपालिकाले यस कार्यक्रमका लागि छुट्याएको रकम, उद्यमिले कर्जा फिर्ता गरेको रकम तथा सहयोगि सरकारी तथा गैर सरकारी संघ संस्था, निकायले स्वरोजगार तथा उद्यम प्रवर्धनका लागी उपलब्ध गराएको रकम जम्मा हुने छ ।

(२) गाउँपालिकाले उद्यमि तथा उद्यमि समुहबाट फिर्ता भएको रकम स्वरोजगार तथा उद्यम प्रबर्धन कार्यक्रम घुम्ति कोष मार्फत नयाँ उद्यमि वा उद्यमि समुहमा लगानि बिस्तार गर्दै लैजाने छ ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CS CamScanner

(३) उद्यमि वा उद्यमि समुहबाट तोकिएको समयमा कर्जा रकम फिर्ता नगरेमा र गाउँपालिका बाट असुलीको लागी तारताकेता भई आएमा व्यक्ति वा समुहलाई कालोसूचिमा राखि गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुबिधाबाट बन्चित गर्न सकिने छ ।

(४) सुरक्षण बापत धितो रोक्का मात्र गरिने छ ।

१०. लेखापरिक्षणः (१) उद्यमि वा उद्यमि समुहदारा सञ्चालित उद्यमको लेखा प्राणलि प्रचलित ढाँचामा राखु पर्ने छ ।

(२) उद्यमको आर्थिक कारोबारको लेखापरिक्षण सम्बन्धि व्यक्ति वा समुहले गर्नु पर्नेछ ।

## परिच्छेद -५

## सरोकारवाल निकायको भुमिका

**११. गाउँपालिका कार्यालयको भुमिकाः**

(१) आफ्नो क्षेत्रका उद्यमिले सञ्चालन गरेको उद्यमको सफलता पूर्वक सञ्चालनका लागि व्यक्ति वा उद्यमि समुह छनौट गर्न, रकम निकासाका लागी सहयोग गर्न, स्थानिय स्रोत साधनको उपलब्धतामा सहजिकरण, अनुगमन,निरिक्षण , पृष्ठपोषणका लागि सहयोग गर्नुका साथै गाउँपालिकालाई उद्यमको बिषयमा जानकारी उपलब्ध गराउने छ ।

**(२) थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** सोरु गाउँपालिकाले यस कार्यबिधिको कार्यन्वयनमा आईपर्ने बाधा अडकाउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्ने छ ।

**१२. वडाकार्यालयको भुमिकाः**

(१) आफ्नो क्षेत्रका उद्यमिले संचालन गरेको उद्यमको सफलता पूर्वक सञ्चालनका लागि व्यक्ति वा उद्यमि समुह छनौट, रकम निकासाका लागि सहयोग , स्थानिय स्रोत साधनको उपलब्धतामा सहजिकरण, अनुगमन , निरिक्षण का लागी गाउँपालिकालाई सहयोग गर्नुका साथ उद्यमको बिषयमा जानकारी उपलब्ध गराउने छ ।

(२) स्थानियलाई व्यवसायिक सिप प्रदान र स्वरोजगार गराउन गाउँपालिकालाई आवश्यक तथ्यांक र अन्य आवश्यक बिबरण उपलब्ध गराउने ।

## परिच्छेद-६

## अनुगमन तथा मुल्याङन

**१३.अनुगमन तथा मुल्याङनः**

(१) गाउँपालिका, वडा कार्यालय बाट अनुगमन निरिक्षण तथा मुल्याङन गरिने छ ।

(२) गाउँपालिकाले कार्यक्रमको प्रभावकारिता हेर्न तेस्रो पक्षबाट अनुगमन मुल्याङकन गराउन सक्नेछ ।

## परिच्छेद -७

## प्रतिबेदन

**१४. प्रतिबेदनः**

(१) उद्यमि वा उद्यमि समुहले गाँउपालिका सँग भएको सम्झौताको एक महिना भित्र प्रारम्भिक प्रतिबेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ । त्यसपछि अनसुचि ३ बमोजिमको ढाँचामा चौमासिक रुपमा महिनाको ५ गते भित्र बित्तीय तथा भौतिक प्रगति पेश गर्नुपर्ने छ ।

## परिच्छेद -८

## पुरस्कार तथा दण्ड सजाय

**१५. पुरस्कारः** उद्यमि तथा उद्यमि समुहलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने उद्यमि समुहलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ ।

(क) अधिकतम रोजगारी श्रृजना गर्ने,

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CamScanner

(ख) स्थानिय श्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) निर्यात बृद्धि र आयात प्रतिस्थापनमा योगदान पुर्याउने,

(घ) उत्पादन गरिएका सामाग्रीको गुणस्तर कायम गर्ने,

(ङ) उद्यम बिकासले स्थानिय समुदाय र क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(च) उद्यमिले सम्बन्धित निकायमा पेश गर्ने प्रगति प्रतिबेदन तथा सुचना सम्प्रेषण,

(छ) परिवारमा आएको सुधार,

(ज) कार्य योजना अनुसार कार्य सम्पादन गरेको आदी ।

**१६. दण्ड सजायः** उद्यमि वा उद्यमि समुहले सम्झौता भईसकेपछि सम्झौता अनुसार गणस्तरिय कार्य सम्पन्न नगरेमा तथा दिईएको बजेट हिनामिना गरेमा उक्त समुह तथा व्यक्तिबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानुन बमोजिम आवश्यक कार्वाही गरिनेछ ।

## परिच्छेद -९

## बिबिध

१७. कार्यविधि संसोधन गर्न सक्नेः गाउँपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्ने छ ।

१८. बाधा अड्काउ फुकाउनेः यो कार्यबिधि कार्यान्वयनमा कुनै बाधा आईपरेमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ ।

## अनुसूचि – १

**( दफा ६को उफदफा २ सँग सम्बन्धित )**

**उद्यम छनौटको लागी दिईने निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकिय प्रमुख ज्यू,

सोरु गाउँपालिका,

जिमा , मुगु ।

**बिषयः व्यवसायिक उद्यम सञ्चालनका लागी निवेदन पेश सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा म / हामी वडा न ......मा बसोबास गरिरहेका तपशिलको व्यक्ति वा समुह सोरु गाउँपालिकाको वडा न ......मा ............. ( व्यवसायिक उद्यमको नाम ) उद्यम सञ्चालन गर्न चाहेको हुनाले यस गाउँपालिकाको कार्यालयबाट सूचना प्रकासन भए अनुसारको प्रबिधि व्यवस्थापनको लागी " उपाध्यक्ष सँग स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यबिधि २०८१ " बमोजिम उपलब्ध गराईने सहयोग पाँउ भनि कार्यविधिले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपशिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं / छु ।

**१. संस्थागत बिवरण**

१.उद्यम तथा व्यवसायको नामः .............

२.उद्यम , व्यवसायकको ठेगानः मुगु जिल्ला सोरु गाउँपालिका वडा न .... स्थान

३.समुह / उद्यमको दर्ता नः ......

४.दर्ता भएको जिल्लाः .......

५. दर्ता मितिः.............

६.नविकरण मितिः..........

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CS CamScanner

७.स्थायी लेखा नम्बर ......

८.सम्पर्क व्यक्तिको नामः .................. पदः ............ ठेगानाः ........ सम्पर्क नम्बरः ....................

समुह भएमा अध्यक्षको नामः .................. समुह / उद्यको छाप

९. निवेदक उद्यमि समुहका भएमा सदस्यहरुको विवरणः

| क्र.सं | नाम थर | पद | उमेर | शैक्षिक योग्यता | स्थायि ठेगाना | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूचि – २

( दफा ६ को उपदफा २ सँग सम्बन्धित )

व्यवसायिक कार्ययोजनाको ढाँचा

**निवेदन साथ तल उल्लेख गरिएका विवरण सहितको ढाँचामा प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।**

१. उद्यमको नामः ..................व्यवसायिक उद्यमको क्षेत्रः ........... दर्ता नः ... , दर्ता भएको कार्यालयः ..........

२. उद्यम सञ्चालन गर्ने ठेगानाः मुगु जिल्ला सोरु गाउँपालिका वडा नं ...... स्थान..

३. यो उद्यम सञ्चालन गर्नाका मुख्य मुख्य उद्देश्यहरु के के हुन ?

४. तपाईहरुले यो उद्यम नै किन रोज्नुभएको हो ?

५. यो उद्यम यहाँको वडामा किन आवश्यक छ ?

६. उद्यमको कार्यान्वयनका लागी तपाईको संस्थाका अनुभवहरु के के छन ?

७. यो उद्यमका लागी योजना तर्जुमा गर्दा क –कसको सहभागीता रहयो ? लक्षित समुदाय ( विशष गरि महिला,अपांग र विपन्न समुदाय) का सदस्यहरुलाई लघु उद्यमिका रुपमा बिकास गर्नका लागी उद्यमिको बिचार के थियो ?

८. यो उद्यम सञ्चालन गर्नका लागी के कस्ता दक्ष जनशत्ति आवश्यक पर्दछन , त्यसको व्यवस्था कसरि गरिएको छ ?

९. यस उद्यमलाई आवश्यक पर्ने कच्चा पदार्थ के के हुन ? कसरि व्यवस्था गरिन्छ ?

१०.यो उद्यम सञ्चालन गर्नका लागी आवश्यक पर्ने ईन्धन,उर्जा के कस्ता हुन सक्छन र व्यवस्था कसरि गरिन्छ ?

११.यो उद्यम सञ्चालन गर्नका लागी आवश्यक पर्ने मेसिनरि सामान के कस्ता आवश्यक पर्दछन र व्यवस्था कसरि गरिन्छ ?

१२. यो उद्यम सञ्चालन गर्नका लागी के कस्तो खालको परार्मश आवश्यक पर्ने सोचिएको छ र त्यसको व्यवस्था कसरि गरिन्छ ?

१३. यो उद्यम सञ्चालन गर्दा वातावरणलाई के कस्तो असर पर्दछ ? त्यसलाई व्यवस्था कसरि गरिन्छ ?

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CamScanner

१४. यो उद्यम सञ्चालन गर्दा प्रत्यक्ष अप्रत्यक्ष के कति रोजगारी श्रृजना गर्दछ ?

१५. यो उद्यम सञ्चालन गर्ने स्थान,घर , फर्निचर आदीको व्यवस्थापन कसरि गरिएको छ ?

१६. यो उद्यम सञ्चालन गर्न कुल लागत के कति लाग्छ ?बित्तिय व्यवस्था कसरि गरिएकोछ ?

१७. यो समुहमा उद्यम सञ्चालन गर्नाका लागी गाउँपालिकाबाट प्रत्येक उद्यमि वा उद्यमि समुहले प्राप्त गरेको रकम एक वर्ष सम्म पूर्ण रुपमा परिचालन गर्न पाउने छ । एक वर्ष पुरा भएको पहिलो किस्ता १५ प्रतिशत सावाँ रकम दोश्रो किस्ता २० प्रतिशत सावाँ रकम तेश्रो किस्ता ३० प्रतिशत सावाँ रकम र अन्तिम किस्ता ३५ प्रतिशत सावाँ रकम कुल कर्जा ऋण स्वरोजगार तथा उद्यम प्रवर्धन घुम्ति कोषमा फिर्ता गर्नु पर्ने छ ।

रकम फिर्ता गर्ने व्यवस्थाको सुनिश्चता कसरि गरिएको छ ?

१८. यो उद्यम सञ्चालनमा आउन सक्ने जोखिमहरु के कस्ता देखु भएको छ ? ति जोखिमलाई कसरि हल गर्ने सोच्नुभएको छ ।

१९. उद्यमका उपलब्धि र परिणाम लाई कसरि दिगो बनाउन सकिन्छ ?

२०. नियमित कार्यसम्पादन प्रतिवेदन कसरि तयार गर्नु हुन्छ ?

२१. यो उद्यम सञ्चालनमा उद्यमि समुहका अभिभावकहरुको ऋणमा कबुलियतनामा बस्नु पर्ने भएकाले त्यसको सुनिश्चता कसरि गरिएको छ ?

**२२. निवेदक समुहका सदस्यहरुको विवरणः**

| क्र. स | नाम थर | लिङ्ग | उमेर | शैक्षिक योग्यता | पहिले कुनै व्यवसाय गरेको छ छैन ? | काम गरेको भए कति समय ? | उद्यमसँग सम्बन्धित कुनै तालिम लिएको छ छैन ? | तालिम लिएको भए कुन ,कति अवधिको र कुन संस्थाबाट ? |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सोरु गाउँपालिकाद्वारा " उपाध्यक्ष सँग स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यबिधि २०८१ " बमोजिम व्यवसायिक उद्यम सञ्चालन गर्न मञ्जुर छु / छौं । आवेदन दिने उद्यमि समुहका सदस्यहरुको हस्ताक्षरः

१. नाम ...... ठेगाना ............ हस्ताक्षर......

२. नाम .......ठेगाना ............ हस्ताक्षर ......

३. नाम .......ठेगाना .............. हस्ताक्षर .......

मितिः .............

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

अनुसूचि- ३

( दफा १४ को उपदफा (१) सँग सम्बन्धित )

**प्रगति प्रतिबेदनको ढाँचा**

(१) स्थानिय तहको नाम:

(२) उद्यमि वा उद्यमि समुहो नाम

(३) कार्यक्रमको परिचय:

(४) कार्यक्रमको उद्देश्य:

(५) उद्यम व्यवसाय संचालनको बिधि / प्रक्रिया:

(६) उद्यममा संलग्नहरुको विवरण ( जातिगत, लिङग गत )

| क.स | क्रियाकलाप | लक्ष्य | दलित | अपांग | ब्राम्हण क्षेत्रि | अन्य | संख्यात्मक बिवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | म | पु | जम्मा | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |

(७) उद्यम संचालन स्थान:

(८)उद्यम संचालन शुरु भएको मिति:

(९) उद्यम संचालन अवधि:

(१०) हालसम्म उद्यमले गरेको मुख्य प्रगति:

(११) उद्यम संचालन गर्दा आईपरेका सम्सयाहरु:

(१२) ति समस्याहरु समाधानका लागी गरिएका प्रयासहरु:

(१३) यस वर्ष अनुगमन गरेको पटक:

(१४) अनुगमनबाट प्राप्त मुख्य मुख्य सुझावहरु र कार्यन्वयनका लागी गरिएका प्रयासहरु:

(क) मुख्य सुझावहरु ........

(ख) कार्यन्वयनका लागी गरिएका प्रयासहरु ........

(ग) स्थानिय तहबाट गर्नु पर्ने केहि भए ..........

(१५) प्राप्त उपलब्धिहरु ..........

(१६) निष्कर्ष ..........

(१७) सुझावहरु ..........

(१८) अनुसूचिहरु:

(क) उद्यमि समुहको बैठकको निर्णय उतार प्रति

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

CamScanner

(ख) कार्यक्रम बारे सरोकारवालाहरुलाई जानकारी गराएको कागज / प्रमाणका प्रतिलिपिहरु

(ग) कार्यक्रम शुरु भएको जानकारी पत्र ( बिभिन्न निकायलाई लेखिएको पत्रका प्रतिलिपिहरु )

(घ) कार्यक्रम अनुगमन तथा निरिक्षणको सिलसिलामा लेखेको मन्तवयको प्रति

(ङ) कार्यक्रमसँग सम्बन्धित फोटो र प्रतिवेदनको बिद्युतिय प्रति

(च) संचालित कार्यक्रमसँग सम्बन्धित हाजिरि विवरण भरपाई विवरण आदिको प्रति र अन्य केहि भए उल्लेख गर्ने ।

(छ) अन्तिम प्रतिवेदनको एक प्रति बिद्युतिय प्रति समेत उपलब्ध गराउने ।

(ज) अन्य:

प्रमाणित गर्ने अधिकारीको

दस्तखत:
नाम थर: धर्म बहादुर शाही
पद: गाउँपालिका अध्यक्ष
मिति:

सौरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश नेपाल

आज्ञाले,
विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत